आज मिति २०८१।०४।२८ गते सोमबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को दोस्रो बैठक तपशिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

CamScanner

प्रस्तावहरु:-

१) प्रारम्भिक वातावरणिय परिक्षण कार्यसूची (TOR) सम्बन्धमा ।

२) घर जग्गा मुल्याङ्कन सम्बन्धमा ।

३) प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग आकृती फाराम भरी पठाउने सम्बन्धमा ।

४) खेलकुद विकास समिति पुनर्गठन सम्बन्धमा ।

५) ज्योती जनता बहुमुखी क्याम्पस भवन निर्माण गर्न लायन्स क्लवसँग साझेदारी सम्बन्धमा ।

६) त्रियुगा नदीमा बाँध निर्माण सम्बन्धमा ।

७) चिस्याङ केन्द्र घेराबेरा सम्बन्धमा ।

८) राजश्व बाँडफाडको रकम सम्बन्धमा ।

९) नगर अस्पतालमा व्यवस्तापकको दरबन्दी थप गरी नियुक्ति गर्ने सम्बन्धमा ।

१०) विविध

क) विपत पिडितहरुलाई आर्थिक सहायता सम्बन्धमा ।

ख) आर्थिक सहायता माग सम्बन्धमा ।

ग) विपन्न नागरिक जस्ता पाता माग सम्बन्धमा ।

घ) वडा नं ९ र १० को सिमाना देवदार जाने बाटो त्रियुगामा बाँध निर्माण सम्बन्धमा ।

ङ) चौ. न. पा.- २ माडिबासमा खानेपानी व्यबस्थापन सम्बन्धमा ।

च) प्रदेश स्तरीय महिला फुटबल प्रतियोगितामा सहभागी हुन आर्थिक सहयोग माग सम्बन्धमा ।

छ) ब्याडमिन्टन संघको अधिबेसनमा आर्थिक सहयोग माग सम्बन्धमा ।

ज) अध्ययनको लागि आर्थिक सहयोग माग सम्बन्धमा ।

झ) संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण सम्बन्धमा ।

निर्णयहरु:

१) यस नगरपालिका क्षेत्रमा रहेका नदीनाला तथा खोलाहरुमा चालु आर्थिक वर्ष २०८१।८२ मा ढुंगा,गिट्टी,वालुवा उत्खनन गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण गरी आएको प्रतिवेदन अनुसारर उत्खनन, संकलन गरी विक्रि वितरण गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्नका लागि छनौट भएको सेवा प्रदायक संस्था श्री सर्वोत्तम इन्जीनीयरिङ्ग सोलुसन प्रा.लि. धुम्बारही४, काठमाडौं ले पेश गरेको तपसिलमा उल्लेखित कार्यसूची (TOR) यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधिको दफा १४ बमोजिम गठित समितिको मिति२०८१।०४।२७ गतेको बैठकको सिफारिस निर्णय बमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो। साथै यो निर्णय नगर कार्यपालिकाको वैठकमा सिफारिस गर्ने निर्णय गरियों।

तपसिल:-

| सि.न. | कार्यसूचि(TOR) | कैफियत |
|---|---|---|
| १. | द्वारखोला,अप्राहा खोला, त्रियुगा खोला | |
| २. | छाँगे,छिडी,भरौली,घोरमुना,खैरा,करम्जे,सुख्खा सुन्दरी,हडीया/मुसरनीया,घेर,लाटी,सुकुना र ज्यामिरे लगायतका खोलाहरु | |
| ३. | चप्लेटी/मोडीवास खोला, माडीवास खोला, लामा खोला, कालीखोला, बडेरुवा खोला, सिवाई खोला | |
| ४. | त्रियुगा खोला र देवधार खोला | |

२) यस नगरपालिका क्षेत्रभित्र रहेका घर,जग्गा,पर्खाल ,टहरा लगायतमा सम्पति कर लगाउन सक्ने व्यवस्था नेपालको संविधानको अनूसूची ८ तथा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ५५ बमोजिम चौदण्डीगढी नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७६ को दफा १२ मा भएको प्रचलित कानूनी व्यवस्था बमोजिम नगरपालिका भित्र रहेका विभिन्न जग्गाधनि तथा घरधनिहरुको जग्गा जमिनहरुको पुनः मूल्यांकन गर्नुपर्ने र दररेट कम भएका तथा बढी भएका स्थानहरुको समेत अवलोकन गरी मूल्यांकन दररेट संशोधन गर्न सवै वडाहरुको छुट्टा छुट्टै लगत कायम गर्ने र विगतमा भएका मूल्यांकन तथा हाल निर्माण भएका नयाँ बाटो/घाटो,घर र जग्गाको चलनचल्ती र भौतिक संरचना अनुरुप नै रहने गरी समितिबाट लगत राखि नयाँ मापदण्ड र परिधिभित्र रहि उक्त कार्य गर्ने साथै गठित सम्पत्ति कर मूल्यांकन समितिलाई उक्त कार्य गर्न नियमानुसार प्रकिया अगाडि बढाउने निर्णय गरियो।

३) प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगरको च. नं. २१ मिति २०८१।०४।०६ गतेको पत्रबाट यस नगरपालिकामा रिक्त रहेका पदहरूका पदपुर्तिका लागि लेखि आएकोले तपशिलका पदहरुमा पदपुर्तिको लागि माग आकृती फाराम भरी प्रदेश लोकसेवा आयोगमा पठाउने सर्वसम्मत निर्णय पारित गरियो।

तपशिलः

### रिक्त पदपूर्तिको लागि माग गर्दा भर्नुपर्ने फारम

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | ८ | | | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवश्यक न्यूनतम योग्यता | | संक्षिप्त कार्य विवरण र उम्मेदवारले काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व. मा माग भई पूर्ति हुन बाँकी पदसंख्या | | यस आ.व.को माग नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
| क्र. स. | मागपदको नाम | पद,श्रेणी र तह | सेवा/ समूह/ उप समूह | स्थायी/ अस्थायी | खुलाको लागि | बढुवाको लागि | | आ.व. २०७९ /०८० | आ.व. २०८० /०८१ | नयाँपद सृजना | रिक्त | | |
| १ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य सेवा, जनस्वास्थ्य समूह | स्थायी | एम.वि.वि.एस | | चौ.न.पा. बेल्टार, उदयपु | | | | १ | १ | |
| २ | पशु चिकित्सक | सातौं | स्थानीय कृषि लाइभस्टक | स्थायी | वि.भि.एस.सि एनिमल साइन्स | | चौ.न.पा. बेल्टार, उदयपुर | | | | १ | १ | |
| ३ | कृषि अधिकृत | सातौं | स्थानीय कृषि | स्थायी | वि.ए.सी.ए.जी | | चौ.न.पा. बेल्टार, उदयपुर | | | | १ | १ | |
| ४ | पशु सेवा प्राविधिक | पाँचौ | ला.पो.एण्ड डे.डे. | स्थायी | | | चौ.न.पा. बेल्टार, उदयपुर | | | | १ | १ | |
| ५ | कृषि प्राविधिक सहायक | पाँचौ | स्थानीय कृषि | स्थायी | | | चौ.न.पा. बेल्टार, उदयपुर | | | | १ | १ | |
| ६ | सह लेखापाल | चौंथो | स्थानीय लेखा | स्थायी | | | चौ.न.पा. बेल्टार, उदयपु | | | | १ | १ | |

४. चौदण्डीगढी नगरपालिकाको मिति २०७९।०२।१९ गतेको नगर कार्यपालिकाको बैठकबाट नगर खेलकुद विकास समिति गठन गरिएकोमा उक्त नगर खेलकुद विकास समितिलाई तपशिल बमोजिम पुनर्गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

नगर खेलकुद विकास समितिः

१. श्री नन्दु मगर - अध्यक्ष
२. श्री कुमार ओझा - उपाध्यक्ष
३. श्री भाष्कर चौधरी - सदस्य सचिव
४. मुकेश राई -कोषाध्यक्ष
५.पदम कट्वाल (चौ. न.पा.वडा नं.१) - सदस्य
६.पर्बत लोप्चन (चौ. न.पा.वडा नं.२) - सदस्य
७. आशा राई (चौ. न.पा.वडा नं.३) - सदस्य
८. केशव राई (चौ. न.पा.वडा नं.४) - सदस्य
९. दिपेश बस्नेत (चौ. न.पा.वडा नं.५) - सदस्य
१०.संग्रामसिंह राई(चौ. न.पा.वडा नं.६) - सदस्य
११. राजेश पौडेल(चौ. न.पा.वडा नं.७) -सदस्य
१२. सुनिल मगर (चौ. न.पा.वडा नं.८) -सदस्य
१३. मनिष खत्री (चौ. न.पा.वडा नं.९) -सदस्य
१४. प्रविण खड्का (चौ. न.पा.वडा नं.१०) -सदस्य

५ लायन्स क्लव, उदयपुर चौदण्डीगढीको च. नं. १० मिति २०८१।०४।२८ को पत्र तथा यस नगरपालिकाको च. नं. २८९५ मिति (A.D.) २०२४।०४।०३ को प्रतिबद्दता पत्र बमोजिम यस चौदण्डीगढी नगरपालिकाको वडा नं ६ मा रहेको ज्योती जनता बहुमुखी क्याम्पसमा लायन्स क्लब इन्टरनेशनलको आर्थिक सहयोगमा बन्न लागेको क्यान्टिन भवनको लागि रु १४१४२१४२।– (एक करोड एकचालिस लाख बयालिस हजार एक सय बयालिस) रकमको २५ प्रतिशत रकम रु. ३५३५५३५।– (पैतिस लाख पैतिस हजार पाँच सय पैतिस रुपैया पचास पैसा) साझेदारीको रुपमा खर्च गर्ने गरी जगेडा राखी अन्य शिर्षकमा खर्च नगर्ने सर्बसम्मत निर्णय गरियो ।

६. चौ. न. पा -९ नं वडा अन्तर्गत जडीबुटी क्षेत्रमा हडिया बेल्टार जाने बाटोको उत्तर पट्टी र असार साउन महिनामा परेको अविरल बर्षाले त्रियुगा नदीमा आएको बाढीले खेतीयोग्य जमिन कटान गरिरहेकोले तत्काल रोकथामका लागि बोरा जाली लगाइ रोकथामको कार्य भएता पनि रोकथाम नभएकोले उक्त नदी नियन्त्रणको कार्य नगरेमा नदी गाउँबस्तीमा पस्ने र खेती योग्य जग्गा बगाउने हुँदा नदी नियन्त्रण रोकथामको लागि उर्जा जलस्रोत तथा सिंचाई विभाग अन्तर्गत त्रियुगा नदी व्यबस्थापन आयोजना, उदयपुरमा तत्काल अनुरोध गर्ने साथै चौ. न. पा -५ नं वडा अन्तर्गत जुटपानी क्षेत्रमा त्रियुगा नदीमा आएको बाढीले क्षती गरेको हुँदा उक्त क्षेत्रमा समेत नदी नियन्त्रण रोकथामको लागि उर्जा जलस्रोत तथा सिंचाई विभाग अन्तर्गत त्रियुगा नदी व्यबस्थापन आयोजना, उदयपुरमा अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

CamScanner

७. चौदण्डीगढी नगरपालिका वडा नं. ९ को पश्चिम ज्यामिरेमा आ. व. २०८०/०८१ मा बनेको चिस्यान केन्द्र (कोल्ड स्टोर) को घेराबेरा कार्य बाँकी रहेको हुँदा उक्त घेराबेरा तथा व्यबस्थापन कार्यको लागि चौदण्डीगढी नगरपालिका नजिक बन्दै गेको नगरअस्पतालको पुराना भवन भत्काउँदा बाँकी रहेका काम लाग्ने पुराना इटा प्रयोग गर्ने गरी प्राविधिकबाट इष्टिमेट गराई कार्य सम्पन्न लागत प्रतिबेदन अनुसार नगरपालिकाबाट विनियोजित बजेट शिर्षक मर्मत संभार तथा भैपरीबाट भुक्तानी हुने गरी घेराबेरा कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. यस नगरपालिकाबाट गत आर्थिक वर्ष २०८०।८१ का लागि ठेक्का नलागेका नदी तथा खोलाहरुबाट गिट्टी/ग्रावेल र वालुवा तर्फका सम्बन्धित वडा तथा नगरपालिका मातहत र व्यक्तिगत नम्बरी जग्गामा अमानतबाट संकलित रकम मध्येबाट स्थानीय राजश्व बाँडफाडको रकम खोलाहरुको तटबन्धकार्य तथा बाटो मर्मत योजनाहरुमा खर्च गर्नका लागि श्रोत सुनिश्चित गर्न यस नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमका वडा कार्यालयको विभिन्न योजनाहरुमा उपभोक्ता समितिहरुबाट नै काम हुने गरी सो योजनामा रकम छुट्याउने र पाउने रकम नगरसभाको स्वीकृत वार्षिक बजेट **खोलाक्षेत्रमा तटबन्धन बाँध निर्माण** शिर्षकको **नगद मौज्जात** स्रोतबाट नगर प्राविधिक स्टीमेट अनुसार उपभोक्ता समितिबाट काम भई आएमा अनुगमन गरी र आवश्यक प्रक्रिया समेत पुरा गरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:-

- गत आ.व.२०८०।०८१ मा वडा नं १ को निजिबाट बाँडफाड भई प्राप्त हुने संकलित रकम मध्ये रु.३,६८,१८४।
- गत आ.व.२०८०।०८१ मा वडा नं ६ को द्वारखोलाबाट ठेक्का तथा अमानतमा बाँडफाड भइ प्राप्त संकलित रकम मध्ये रु. ७,२३,९१६।
- गत आ.व.२०८०।०८१ मा वडा नं ५ को सिवाई खोलाबाट ठेक्का तथा अमानतमा बाँडफाड भइ प्राप्त संकलित रकम मध्ये रु. २,७८,०००। (सिवाई खोला चौ. न. पा. -५ मा बाँध निर्माण)

९. चौदण्डीगढी आधारभुत नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको २०८१।०४।०३ को बैठकले अस्पताल व्यवस्थापकको माग गरेको र सेवा विस्तार तथा फार्मेसी समेतलाई ध्यानमा राखी नवौ तहको अस्पताल व्यवस्थापकको दरबन्दी थप गरी उक्त पदमा चौदण्डीगढी नगर अस्पतालले नियमानुसार नियुक्ति प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१०) विविध

क) विपत पिडितहरुलाई आर्थिक सहायता सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट घर गोठ आगलागी, हात्तिले घर भत्काएको तथा बाली नाली क्षती गरेको, बाढी पहिरोले घरको क्षती गरेको आदि विपत जन्य घटनाको प्रहरी सर्जमिन सहित आर्थिक सहायताको लागि आएको हुँदा तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने र उक्त भुक्तानी चालु आ.व. मा विनियोजित **विपद व्यबस्थापन तथा विपद आर्थिक सहायता** बाट गर्ने सर्बसम्मत निर्णय गरियो ।

CamScanner

विपत पिडित

| क्र. सं. | पिडितको नाम ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| २ | उमेश बस्नेत, चौ. न. पा. -६ | १०००००।- | पहिरो आई बस्ने घरमा पुर्ण क्षती |
| ३ | हेड बहादुर थापा चौ. न. पा. -३ | १००००।- | हात्तीले घर भित्ता भत्काई अन्न पात छरछार गरी क्षती गरेको ( ३७३५० ) |
| ४ | तिल विक्रम बन चौ. न. पा. ३ | १००००।- | हात्तीले माछा पोखरीमा क्षती ( ६० के जी माछा बगेर गएको पोखरीको बाँध भत्किएको) |
| ६ | प्रेम प्रसाद लिम्बु चौ. न. पा. ३ | ५००००।- | पहिरोले घर जग्गा ट्वाईलेट हिल ट्याङ्कीको क्षती रु ४५००००।- |
| ७ | रत्नमाया नेपाली चौ. न. पा. -५ | १००००।- | गाईगोठमा आगलागी रु ६०००० क्षती |
| ८ | राम कुमार सदा चौ. न. पा. -२ | १००००।- | घर अगाडीको सखुवाको रुख ढली २ कोठे इटाको गाह्रो टिनको छानाभएको घरमा क्षती |

ख) आर्थिक सहायता सम्बन्धमा

चौदण्डीगढी नगरपालिका अन्तर्गत विभिन्न वडाका विपन्न नागरिकहरुले विरामी भई औषधी उपचार गर्न समस्या परेको हुँदा आर्थिक सहयोग पाउन पेश गरेको माग निबेदन सम्बन्धमा चौदण्डीगढी नगरपालिकाको आर्तिक सहायता ( वितरण तथा व्यबस्थापन) ऐन, २०८१ अनुसार तपशिल बमोजिम उपलब्ध गराउने र उक्त भुक्तानी नगरपालिकामा चालु आ. व. २०८१/०८२ मा बिनियोजित **बिपन्न नागरिकलाई नेपाल सरकारले तोकेका ८ वटा रोगको लागि आर्थिक सहायता** शिर्षकबाट हुने निर्णय गरियो।

| क्र. सं. | विरामीको नाम ठेगाना | निर्णय रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खम्ब बहादुर खड्का चौ. न. पा. -२ | १००००।- | मेरुदण्ड सम्बन्धी समस्या |
| २ | विष्णु कुमार चौधरी चौ. न. पा-९ | १५०००।- | सुर्यासिजन रोग |
| ३ | रविन राई चौ न पा ८ | १००००।- | खुट्टामा घाउ |
| ४ | लछुमण मगर राई चौ न पा -८ | १००००।- | फोक्सो तथा मृगौलामा समस्या |
| ५ | सरिता श्रेष्ठ चौ. न. पा. -३ | १५०००।- | विरामी आर्थिक अवस्था कमजोर |
| ६ | सुमित्रा देवी चौधरी चौ. न. पा. -५ | १००००।- | क्यान्सर रोग पिडित |
| ७ | कुमार दर्जी चौ. न. पा. -३ | १००००।- | खुट्टमा स्टिल राखेको |
| ८ | कुमार चौधरी, चौ. न. पा. -५ | १००००।- | मृगौला पिडित |

CamScanner

ग) बिपन्न नागरिक जस्ता पाता माग सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका अन्तर्गत विभिन्न वडाका बिपन्न नागरिकहरुले बिपन्न भएको कारण घरको मर्मत संभार गर्न नसकेको हुँदा बर्षा याममा पानी चुहिने भएकोले घर मर्मत संभार कार्यको लागि जस्ता पाता सहयोग पाउन पेश गरेको माग निबेदन सम्बन्धमा तपशिल बमोजिम रकम तथा सामाग्री उपलब्ध गराउने र उक्त भुक्तानी नगरपालिकामा चालु आ. व. २०८१/०८२ मा बिनियोजित **विपद व्यबस्थापन तथा विपद आर्थिक सहायता** शिर्षकबाट गर्ने निर्णय गरियो।

| क्र. सं. | निबेदकको नाम ठेगाना | निर्णय रकम /निर्णय जस्ता पाता | कैफियत |
|---|---|---|---|
| १ | बेचन सदा चौ. न. पा. -५ | ३ बन्डल | |
| २ | मान बहादुर तामाङ चौ. न. पा-९ | ३ बन्डल | |
| ३ | इन्द्र बहादुर खड्का चौ. न. पा -४ | १,१/२ बण्डल | |
| ४ | कुमारी दर्जी, चौ. न. पा. -४ | रु. १५०००।- | |

घ) वडा नं ९ र १० को सिमाना देवदार जाने बाटो त्रियुगामा बाँध निर्माण सम्बन्धमा।

चौदन्डीगढी नगरपालिका वडा नं. -९ मा आ. व. २०८१/०८२ मा लगातार भएको बर्षाको कारण उक्त वडाको विष्णुजग भिमा र वडा नं ९ र १० को सिमाना देवधार जाने बाटोमा बाँधहरु भत्काएको हुँदा उक्त स्थानमा बाँध बाध्न अति आवश्यक रहेकोले प्राविधिकबाट इष्टिमेट गराई कार्य सम्पन्न लागत प्रतिवेदन अनुसार नगरपालिकाबाट विनियोजित बजेट शिर्षक विपद व्यबस्थापनबाट भुक्तानी हुने गरी बाँध बाध्ने कार्य गर्ने सर्बसम्मत निर्णय गरियो।

ङ) चौ. न. पा.- २ माडिबासमा खानेपानी व्यबस्थापन सम्बन्धमा।

चौ न पा -२ भित्ते, गंगटे, चालिसेमा मिति २०८१। ३ २५ मा परेको अविरल बर्षाले खानेपानीको पाईप बगाएको र खानेपानी व्यबस्थापनको लागि पाईपको माग भई आएको हुँदा प्राविधिक इष्टिमेट बमोजिम ७५ एम एम को ५० मिटर र ६३ एम एम को २० मिटर खानेपानी पाईप जम्मा रु र २३१५६।- आवश्यक पर्ने देखिएकोले सो क्षेत्रमा खानेपानी पाइप उपलब्ध गराउने र उक्त कार्यको भुक्तानी विपद व्यबस्थापन शिर्षकबाट गर्ने निर्णय गरियो।

च) प्रदेश स्तरीय महिला फुटबल प्रतियोगितामा सहभागी हुन आर्थिक सहयोग माग सम्बन्धमा।

मिति २०८१।३।२० देखि २०८१।३।२४ गते सम्म हुने प्रदेश स्तरीय महिला फुटबल प्रतियोगितामो सहभागी हुन **उदयपुर जिल्ला खेलकुद विकास समितिले** यस नगरपालिकामा आर्थिक सहयोग माग गरेको हुँदा **उदयपुर जिल्ला खेलकुद विकास समिति** लाई रु १००००।- आर्थिक सहयोग नगरपालिकाबाट विनियोजित बजेट शिर्षक कार्यक्रम खर्च बाट उपलब्ध गराउने निर्णय गरियो।

छ) ब्याडमिन्टन संघको अधिबेसनमा आर्थिक सहयोग माग सम्बन्धमा ।

उदयपुर जिल्ला ब्याड मिन्टन संघले अधिबेशन गर्न यस नगरपालिकामा आर्थिक सहयोग माग गरेको हुँदा उदयपुर वडा नं. ११ ब्याडमिन्टन क्लबलाई ~~जिल्ला ब्याड मिन्टन संघलाई~~ रु. २००००।- आर्थिक सहयोग नगरपालिकाबाट विनियोजित बजेट शिर्षक कार्यक्रम खर्च बाट उपलब्ध गराउने निर्णय गरियो ।

ज) अध्ययनको लागि आर्थिक सहयोग माग सम्बन्धमा ।

चौ. न. पा. ७ बस्ने शिक्षा राईले ब्राइट भिजन ल क्याम्पस विराटनगरमा वि. ए. एल. एल. बि. पाचौं बर्षमा अध्ययनरत रहेको र Role of forensic evidence in homicide with reference to case law शिर्षकमा शोध कार्य गरिरहेकोले अध्ययन अनुसन्धानको लागि आर्थिक सहयोग माग गरेको हुँदा निजलाई अध्ययन अनुसन्धानको लागि रु २००००।- आर्थिक सहयोग नगरपालिकाबाट विनियोजित बजेट शिर्षक कार्यक्रम खर्चबाट उपलब्ध गराउने निर्णय गरियो ।

झ) संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण सम्वन्धमा ।

चौदण्डीगढी नगरपालिकाको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गर्नको लागि तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

प्रमुख प्रशासकीय अधिकृत श्री जित बहादुर श्रेष्ठ – संयोजक
लेखा अधिकृत श्री महेश राना मगर - सदस्य
राजस्व शाखा प्रमुख श्री प्रकाश वन - सदस्य
सहायक कम्प्युटर अपरेटर श्री ववीराज राई - सदस्य
प्रशासन तथा योजना शाखा प्रमुख श्री मोहन कुमार राई - सदस्य

CamScanner